
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २१५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौ ३ गते शुक्रबार ❑ 19 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## नागरिकता विधेयक पारित

रासस
काठमाडौं, २ भदौं

प्रतिनिधिसभाले नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ बुहमतले पारित गरेको छ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा नागरिकता विधेयकमाथि पक्ष र विपक्षमा मत विभाजन हुँदा विधेयक पुनः बहुमतले पारित भएको सभामुख अग्निप्रसाद सापकोटाले घोषणा गर्नुभयो ।

बैठकमा उपस्थित एक सय ९५ सांसदमध्ये उक्त विधेयक पारित गर्ने पक्षमा एक सय ३५ र यथास्थितिमा विधेयक पारित गर्न नहुने पक्षमा ६० मत परेको थियो भने मत दिन्न भन्ने पक्षमा कुनै पनि मत परेन । प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) का संसदीय दलका प्रमुख सचेतक विशाल भट्टराईले नागरिकता विधेयकमाथि प्रतिनिधिसभामा मतविभाजनको माग गरेपछि मतदान भएको हो । प्रतिनिधिसभाले पहिलोपटक गत साउन १६ गते उक्त विधेयक दुवै सदनबाट पारित गरी प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाएको थियो।

राष्ट्रपति विद्यादेवी भण्डारीले सन्देशसहित फिर्ता पठाउनुभएको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकलाई प्रतिनिधिसभाले जस्ताको तस्तै पारित गरेको छ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा सो विधेयकमाथि भएको छलफलमा सांसदहरुले पक्ष र विपक्षमा आफ्ना धारणा राख्नुभएको थियो । प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) को मागबमोजिम विधेयक पारित गर्नका लागि मतदान भएको थियो। बैठकमा उपस्थित १९५ सांसदमध्ये उक्त विधेयक पारित गर्ने पक्षमा १३५ र यथास्थितिमा विधेयक पारित गर्न नहुने पक्षमा ६० मत परेको थियो भने मत दिन्न भन्ने पक्षमा कुनै पनि मत परेन। यसअघि, उक्त विधेयक प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित गरी गत साउन १६ गते प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाइएको थियो । राष्ट्रपतिले नेपालको संविधानबमोजिम संघीय संसद्बाट पुनःविचार हुन आवश्यक देखिएको उल्लेख गर्दै आठ बुँदासहित साउन २९ गते संसद्मा फिर्ता पठाउनुभएको थियो । प्रतिनिधिसभाबाट पुनः पारित उक्त विधेयक अब राष्ट्रियसभामा पठाइने छ। राष्ट्रियसभाको यही भदौ ६ गते बस्ने पहिलो बैठकमा राष्ट्रपतिको विधेयकमाथि पुनःविचार गरियोस् भन्ने सन्देश टेबल हुने संघीय संसद्का प्रवक्ता डा रोजनाथ पाण्डेले जानकारी दिनुभयो । त्यसपछिको बैठकमा प्रतिनिधिसभाबाट प्राप्त विधेयकसम्बन्धी सन्देश टेबल गरिन्छ र सो विधेयकमाथिको छलफल प्रक्रिया प्रारम्भ हुने उहाँले बताउनुभयो । राष्ट्रियसभामा छलफल भई विधेयक पारित भएपछि सन्देशसहित प्रतिनिधिसभामा पठाइने र सभामुखले प्रमाणित गरी प्रमाणीकरणका लागि पुनः राष्ट्रपतिसमक्ष पठाइने छ।

पहिलो पटक पुनःविचार गर्नका लागि राष्ट्रपतिले नागरिकता विधेयकलाई संघीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा)मा फिर्ता पठाए पनि अब पुनःविचारका लागि ठाउँ नभएको र विधेयकलाई प्रमाणीकरण गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ । वरिष्ठ अविधक्ता तथा संविधानविद् डा चन्द्रकान्त ज्ञवालीका अनुसार दुवै सदनबाट पारित भएर राष्ट्रपतिसमक्ष पेश भएपछि प्रमाणीकरण गर्नुपर्ने संवैधानिक व्यवस्था छ। 'नेपालको संविधानमा एकपटक राष्ट्रपतिले कुनै विधेयक संशोधन गर्नुपर्ने भएमा पुनःविचार गर्न पाउने व्यवस्था छ', उहाँले भन्नुभयो, 'अब राष्ट्रपतिलाई न्यायपालिकाबाट राय लिने वा अन्य कुनै पनि प्रावधान छैन, प्रमाणीकरण गर्नैपर्ने कानूनी व्यवस्था छ ।' नेपालको संविधानअनुसार कुनै पनि विधेयक दुई पटक पुनःविचार गर्न नपाइने व्यवस्था रहेको छ । विधेयकलाई संसद्ले चाहे जस्ताको तस्तै वा संशोधनसहित पारित गरेर पठाए भने राष्ट्रपतिलाई रोक्ने ठाउँ देखिँदैन। दोस्रो पटक पारित गरिएको कुनै पनि विधेयकलाई राष्ट्रपतिले प्रमाणीकरण गर्नुपर्ने हुन्छ।

## जनप्रिय बहुमुखी क्याम्पस स्वच्छ प्रतिष्प्रर्धाको केन्द्र बनाउन मन्त्री बरालको सुझाव

पोखरापत्र संवाददाता
पोखरा, २ भदौं



गण्डकी प्रदेश सरकारका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले पोखराको जनप्रिय बहुमुखी क्याम्पस स्वच्छ प्रतिष्प्रर्धाको केन्द्र बनाउन सुझाव दिनु भएको छ।

नवनियुक्त क्याम्पस प्रमुख लोकराज भण्डारीलाई विहिबार एक समारोहका बिच पदस्थापन गराउदै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो । विभिन्न क्याम्पसहरु मध्य सामुदायिक क्याम्पस जनप्रियलाई जनताको सर्वसुलभ गुणस्तरिय शिक्षाको केन्द्रको रुपमा नमुना क्याम्पस बनाउन सबै लाग्नुपर्ने मन्त्री बरालले बताउनु भयो।

मावि तहको शिक्षाको स्वामित्व पनि प्रदेश सरकारलाई दिनुपर्ने उहाँको भनाई थियो। क्याम्पसको भौतिक पूर्वाधार निर्माण एवं गुणस्तरिय शिक्षामा सुधारको लागि पहल गर्ने मन्त्री बरालले बताउनु भयो।

क्याम्पस प्रमुख भण्डारीले क्याम्पसको शैक्षिक गुणस्तरियताको लागि सबैसंग समन्वय गरी अघि बढ्ने बताउनु भयो । अब नयाँ ढंगले अघि बढ्ने बताउदै क्याम्पस प्रमुख भण्डारीले विभिन्न योजना कार्यान्वयन गर्ने क्रममा भोकोपेट नहुने गरी व्यबस्थापन गर्ने दाबी गर्नु भयो । क्याम्पस प्रमुख तारा गिरीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्रा.डा.देवेन्द्र लामिछाने, सहायक क्याम्पस प्रमुख भेषराज उपाध्याय, क्याम्पसका सल्लाहकार हरि नारायण गिरी (विज्ञान), नेपाली विभाग प्रमुख गोपाल प्रसाद बराल लगायतले वोल्नु भएको थियो।

उक्त क्याम्पसमा ५ हजार ५ सय बिद्यार्थी, १ सय २० जना शिक्षक रहेको एकनारायण अर्यालले जनाए।

## निर्वाचन केन्द्रित नेकपा समाजवादी काठमाडौँको भेला हुने

पोखरापत्र संवाददाता
पोखरा, २ भदौं

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) जिल्ला कमिटीको यही भदौ ४ गते काठमाडौंमा भेला हुने भएको छ। उक्त भेलामा स्थानीय तह निर्वाचनको समीक्षा, आगामी निर्वाचनको तयारी तथा जिम्मेवारी, साङ्गठनिक कार्य प्रगति विवरण प्रस्तुति, आर्थिक विवरण प्रस्तुति र कमिटीको नयाँ कार्यसमितिको निर्वाचान गरिने कमिटीका सचिवालय सचिव कृतु भण्डारीले जानकारी दिनुभयो।

पार्टीका अध्यक्ष माधवकुमार नेपालको प्रमुख आतिथ्यतामा हुने भेलाले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा चुनावमा जिल्लाअन्तर्गत रहेका वडा, नगर, प्रदेश तथा केन्द्रीय निर्वाचन क्षेत्रमा उम्मेदवारको छनोटको कार्यविधि तयार गर्ने छ। साथै पाँच दलीय गठबन्धनमा भएका कमी कमजोरीको समिक्षा गर्नेछ ।

## रेवान पोखराको अध्यक्षमा नरेश भट्टराई सर्वसम्मत निर्वाचित

पोखरापत्र संवाददाता
पोखरा, २ भदौं



रेष्टुरेण्ट एण्ड बार एशोसिएशन (रेवान) पोखराको २८ औं साधारण सभा तथा १५ औ अधिवेशनबाट नरेश भट्टराई अध्यक्षमा सर्वसम्मत निर्वाचित हुनु भएको छ।

अधिवेशनबाट प्रथम उपाध्यक्षमा विश्वराज पौडेल, द्धितिय उपाध्यक्ष बसन्त गौतम, महासचिवमा विकास भट्टराइ, कोषाध्यक्ष रोशनजंग कार्की, सचिव भिष्मराज पौडेल, सहकोषाध्यक्ष वैभव पौडेल चयन हुनुभएको छ। त्यसैगरी सदस्यमा लोक बहादुर गुरुङ, योगेश भट्टराई, विष्णु बाँनिया,विरेन्द्र शेरचन र लोकप्रसाद ढकाल चयन हुनुभएको छ।

कार्यक्रमको उद्घाटन सत्रमा गण्डकी प्रदेश सभा सदस्य राजीव पहारीले पर्यटन पोखरालाई पर्यटनको राजधानी घोषणा गर्नुपर्छ भन्ने आवाज उठेको बेला आएको पर्यटन ऐन पर्यटन मैत्री हुन नसकेको बताउनु भयो । उहाँले पर्यटन क्षेत्रको उत्थान गर्ने हुनुपर्ने त्यसो हुन नसकेको जनाउँदै व्यवसायीको भावना र समग्र पर्यटनको उत्थान हुने गरी ल्याउनु पर्ने उहाँको भनाइ थियो। अहिले आएको पर्यटन विधेयकलाई पर्यटन मैत्री विधेयक बनाउन संशोधनको आवश्यता रहेको र त्यसको लागि आफूले पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा पोखरा पर्यटन परिषदका अध्यक्ष गोपी बहादुर भटराइले पोखराको पर्यटन विकासका लागि पर्यटन मैत्री नीति खाँचो औल्याउनु भयो। उहाँले अन्तराष्ट्रिय विमान स्थल शिघ्र संचालनका लागि आवश्यक पूर्वाधार निर्माण गर्नुपर्ने र हाल सञ्चालनमा रहेको एयरपोर्टलाइ अन्तराष्ट्रिय सेमिनारहल निर्माण गर्न सुझाव दिनुभयो।

उहाँले प्रदेश सरकारले ल्याएको पर्यटन ऐन व्यवसायीको भावना विपरीत र वैज्ञानिक नभएको भन्दै यसलाई संशोधन गरेर ल्याउनु पर्नेमा जोड दिनुभयो।

कार्यक्रम उद्योग बाणिज्य महासंघ गण्डकी प्रदेशका अध्यक्ष, संजिवबहादुर कोइराला, रेवान केन्द्रका उपाध्यक्ष संघर्ष विष्ट, पोखरा महानगरपालिका वडा न ६ वडा अध्यक्ष विष्णुबहादुर भट्टराइ लगायतले पोखरा पर्यटकीय शहरका रुपमा स्थापित गर्न आवश्यक सुझाव दिनुभएको थियो।

कार्यक्रमको बन्द सत्रमा अध्यक्ष लक्ष्मण बरालले अध्यक्षको प्रतिवेदन र महासचिव विकास भट्टराईले महासचिवको प्रतिवेदन पेश गर्नुभएको थियो । रेवान पोखराकाले पर्यटन प्रवर्द्धनका लागि सडक महोत्सव, मिनि सडक महोत्सव, होलि विशेष कार्यक्रम लगायतका कार्यक्रमहरु गदै आइरहेको छ । सो अवसरमा पत्रकार सुमन ढुंगानालाई पत्रकारीताबाट पर्यटन विकासमा योगदान पुर्याएको भन्दै नगद सहित सम्मान गरिएको थियो।

## भ्रष्टाचारका नियन्त्रणका कानुन कार्यान्वयन कमजोर भएकोमा विज्ञको चिन्ता

रासस
काठमाडौं, २ भदौं

भ्रष्टाचार नियन्त्रणका लागि धेरै कानुन बनाएर राज्य एवं सरकारी संयन्त्र स्थापना गरेपनि आशातीत काम हुन नसकेकामा चिन्ता प्रकट गरिएको छ।

ट्रान्सपरेन्सी इन्टरनेशनल (टिआई) नेपाल स्थापनाको २७ औं वर्षका अवसरमा आज आयोजित 'भ्रष्टाचार निवारण सम्बन्धी विचाराधीन विधेयक विषयमा छलफल' कार्यक्रमका वक्ताले देशमा संस्थागत अनियमितताका घटना बढ्दै गएकाले यसको नियन्त्रणका लागि जागरण आवश्यक भएकामा जोड दिनुभयो । कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्नुहुँदै वरिष्ठ अधिवक्ता प्रा डा सूर्य ढुङ्गेलले भ्रष्टाचार निवारणका लागि नेपालमा ५० वटा कानून र २० वटा नेपालले अनुमोदन गरेका सन्धि, महासन्धि भएपनि कार्यान्वयन राम्रो नहुँदा समस्या आएको बताउनुभयो । न्यायपालिका, संवैधानिक आयोगजस्ता निकायमा राजनीतिकरणले भ्रष्टाचार संस्थागत बनेको उहाँको भनाई थियो । यी सबै निकायलाई औँला ठड्याउने सञ्चारमाध्यमसमेत विभाजित रहेकाले जटिल समस्या आएको ढुङ्गेलले बताउनुभयो।

कार्यपत्रमाथि टिप्पणी गर्नुहुँदै पूर्व सांसद एवं वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले नीतिगत निर्णयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कुनै कारबाही अघि बढाउन नसक्ने व्यवस्था रहेकाले ऐन संशोधन गरी यो व्यवस्थालाई हटाउनुपर्ने माग राख्नुभयो । राजनीतिकनेतृत्वकैकारणभ्रष्टाचार बढेकाले जागरणको भूमिका महत्वपूर्ण हुने उहाँको भनाई थियो । पूर्व न्यायधीश एवं वरिष्ठ अधिवक्ता प्रकाश वस्तीले भ्रष्टाचार नियन्त्रणका लागि इच्छाशक्ति महत्वपूर्ण हुने विचार राख्नुभयो।

कार्यक्रममा टिआई नेपालका अध्यक्ष पद्मिनी प्रधानाङ्ग, महासचिव मुकुन्दबहादुर प्रधान, कोषाध्यक्ष किरण थापाल, वरिष्ठ अधिकृत सविता शर्मालिगायतले भ्रष्टाचार संस्थागत हुँदै गएकाले सामाजिक जागरणका माध्यमबाट यसलाई रोक्न सचेतवर्ग लाग्नुपर्नेमा जोड दिनुभएको थियो।

कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड
पोखरा-१३, कास्की
फोन नं.: ०६१-५३५७९५, ०६१-५२६९८८

२४औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को संचालक समितिको २०७९/०४/१६ मा बसेको बैठकको निर्णयानुसार यस संस्थाको २४औं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्नानुसारका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले उक्त मिति, समय र स्थानमा आदरणिय शेयर सदस्यज्यूहरुलाई अनिवार्य उपस्थित भइ दिनहुन हार्दिक अनुरोध छ।

कार्यक्रम :
मिति : २०७९ भाद्र २५ गते शनिवार
समय : बिहान ८:०० बजे
स्थान : शितलादेवी पार्टी प्यालेस
पोखरा १२, चापापानी

प्रस्तावित विषयहरु :
१) संचालक समितिको तर्फबाट, अध्यक्षद्धारा आ.व.२०७८/०७९ को प्रतिवेदन प्रस्तुत तथा पारित सम्बन्धमा।
२) संचालक समितिको तर्फबाट, सचिवद्धारा आ.व.२०७८/०७९ को प्रतिवेदन प्रस्तुत तथा पारित सम्बन्धमा।
३) कोषाध्यक्षद्धारा आ.व.२०७८/०७९ को आर्थिक प्रतिवेदन, आ.व.२०७९/०८० को भावी नीति, कार्यक्रम तथा बजेट प्रस्तुत एवं पारित सम्बन्धमा।
४) लेखा सुपरिवेक्षण समितिको तर्फबाट आ.व.२०७८/०७९ को प्रतिवेदन प्रस्तुत तथा पारित सम्बन्धमा।
५) आ.व.२०७८/०७९ को लेखा परिक्षक प्रतिवेदन प्रस्तुत तथा पारित सम्बन्धमा।
६) लाभांश तथा संरक्षित पुँजी फिर्ताकोषको रकम वितरण सम्बन्धमा।
७) आ.व.२०७९/०८० को लागि लेखा परिक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा।
८) विविध।
९) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सदस्यको नियुक्ति सम्बन्धमा।

संचालक समितिको आज्ञाले
शान्त कुमार श्रेष्ठ
सचिव

# नवौँ राष्ट्रिय खेलकुद : खेलस्थल चाँडै टुङ्गो लाग्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, २ भदौं**

गण्डकी प्रदेशमा आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म सञ्चालन हुने नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी सुरु भएको छ।

प्रतियोगिता आयोजनाको मुख्य जिम्मेवारी रहेको राष्ट्रिय खेलकुदपरिषद्(राखेप)बाट गठित विभिन्न समिति र प्रदेश खेलकुद परिषद् गण्डकीले प्रतियोगिताको तयारीका काम अघि बढाएका हुन्। खेलस्थल छनोट, खेलाडी छनोट तथा प्रशिक्षणको काम अहिले भइरहेको छ। राष्ट्रिय खेलकुदको तयारीका लागि राखेपबाट गठन गरिएको खेलस्थल व्यवस्थापन उपसमितिले प्रदेशका जिल्लामा खेलकुद पूर्वाधारको निरीक्षण तथा अवलोकन गरेको छ । प्रतियोगिताका अधिकांश खेल पोखरा र पोखरा रङ्गशालामा हुने भए पनि प्रदेशका ११ वटै जिल्लामा राष्ट्रिय खेलकुदको अपनत्वका लागि कम्तीमा एक खेल खेलाउने योजना राखेपको छ।

खेलस्थल व्यवस्थापन उपसमिति संयोजक राजेश गुरुङले चार दशकपछि पोखरामा हुन लागेको प्रतियोगिताले प्रदेशवासी उत्साहित भएका बताउनुभयो । खेल पूर्वाधार रहेका जिल्लामा आवास, अस्पताल, यातायात र सुरक्षालाई ध्यानमा राख्दै कुन जिल्लामा कुन खेल सञ्चालन गर्ने भन्ने निर्णय आगामी भदौ १५ भित्र टुङ्गो लाग्ने उहाँले बताउनुभयो । "प्रदेशका अधिकांश जिल्लामा खेल पूर्वाधारको निरीक्षण गरेका छौँ । खेल सञ्चालनका लागि आवश्यक सबै पक्षलाई हेरेर खेलस्थलको टुङ्गो लगाउने तयारीमा छौँ", गुरुङले भन्नुभयो। खेलस्थल व्यवस्थापन उपसमितिले सरकारीबाहेक निजी सङ्घ संस्थाबाट निर्मित खेल पूर्वाधारलाई समेत प्रतियोगिताका लागि उपयोग गर्ने योजना बनाएको छ । राष्ट्रिय खेलकुदमा ३६ र दुई प्रदर्शनी खेल गरी ३८ खेल सञ्चालन गर्ने निर्णय राखेपले गरिसकेको छ। राष्ट्रिय खेलकुदको अपनत्व सबै जिल्लामा गराउन कम्तीमा एक खेल सञ्चालनको योजनाअनुसार पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिले यसअघिनै राखेपमा खेल र खेलस्थल प्रस्ताव गरेको पठाएको थियो । यसको अन्तिम निर्णय राखेपले गर्नेछ। प्रस्तावित खेलस्थलमा पुरुष फुटबलसहित एथलेटिक्स, बक्सिङ, भारोत्तोलन, भलिबल, ब्याडमिन्टन, उसु, ह्याण्डबल, हक्की, स्क्वास र सुटिङका महिला तथा पुरुष स्पर्धाका खेल पोखरामा सञ्चालन हुनेछन् ।

यसैगरी जिमन्याष्टिक, लनटेनिस, सफ्टटेनिस, क्रिकेट, साइक्लिङ, आर्चरी, पौडी, गल्फ, शारीरिक सुगठन, प्याराग्लाइडिङ र ट्रायथोलनका महिला तथा पुरुषको खेल पनि पोखरामा प्रस्ताव गरिएको छ।

महिला फुटबल स्याङ्जाको वालिङ, तेक्वान्दो (महिला-पुरुष) बागलुङ, कराँते (महिला-पुरुष) लमजुङ, टेवलटेनिस (महिला-पुरुष) मुस्ताङ, कबड्डी, कुस्ती र खोखो (महिला-पुरुष) नवलपुर तथा जुडो र सेपाकताक्रो (महिला-पुरुष) गोरखामा खेलाउने प्रश्ताव यसअघिनै पठाइएको पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीले बताउनुभयो । बास्केटबल (महिला-पुरुष) तनहुँ, बुद्धिचाल (महिला-पुरुष) मनाङ, आइटिएफ तेक्वान्दो (महिला-पुरुष) म्याग्दी, फुलकन्ट्याक्ट कराँते (महिला-पुरुष) स्याङ्जा र फेन्सिङ (महिला-पुरुष) पर्वतमा गर्न राखेपसमक्ष प्रस्ताव गरी पठाइएको उहाँले बताउनुभयो । प्रदर्शनी खेल लोकदोहोरी पोखरामा गर्ने योजना छ।



स्याङ्जाको वालिङ नगरपालिका- १ धरमपानीमा स्थानीय कृष्ण ढुङ्गानाले ब्यावसायिक रुपमा थाल्नुभएको ड्रागन फ्रुट खेती। उहाँले करिब १५ रोपनी क्षेत्रफलमा ४ हजार बिरुवा लगाउनुभएको छ। तस्बिर : तोलाकान्त बगाले/रासस

# पोखराको शान्त माविमा साइबर क्राइम सम्वन्धी सचेतना

**पोखरापत्र संवाददाता**
**पोखरा, २ भदौं**

लायन्स क्लब अफ पोखरा ग्रीन वेभको आयोजना तथा जिल्ला प्रहरी कार्यालय कास्कीको समन्वयमा पोखरा १८ मा रहेको शान्त माविमा साइबर क्राइम सम्वन्धि सचेतना कार्यक्रम बिहीबार सम्पन्न भएको छ।



पछिल्लो समय समाजमा साइबर क्राइम बढ्दै गएकाले समयमै सचेत गराउन उक्त विद्यालयका कक्षा ९ देखि १२ सम्मको विद्यार्थीलाई प्रशिक्षण गराइएको हो । विद्यार्थीलाई प्रशिक्षण जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायव उपरिक्षक सुन्दर तिवारीले गरेका थिए। उनले प्रशिक्षणकै क्रममा गत वर्ष कास्कीमा मात्रै २ सय ९७ वटा निवेदन साइबर क्राइम सम्वन्धिको रहेको जानकारी दिए । सामाजिक सञ्जालको प्रयोग बढिरहेको हुँदा अपरिचित व्यक्तिलाई सजिलै विश्वास नगर्न उनको भनाई थियो। साथै सामाजिक सञ्जालबाट समस्यामा परेकालाई तिरस्कार होइन साथीभाई तथा परिवारले साथ दिनु अत्यावश्यक रहेको उनले बताए । प्रहरी नायव उपरिक्षक तिवारीले साइबर क्राइमबाट बच्न कस्ता कदम चाल्नुपर्छ वा समयमै कसरी सचेत हुन सकिन्छ लगाएतको विषयमा प्रशिक्षण दिएका थिए । साथै किशोर किशोरीलाई सामाजिक सञ्जालमा राती अवेरसम्म च्याट गरेर बस्दा साइबर क्राइम हुन सक्ने भन्दै सचेत गराएका थिए।

औपचारिक कार्यक्रममा पिआरओ इन चिफ एमजेएफ लायन किशोर बराललले साइबर क्राइमबाट आफु पनि बच्न र अरुलाई पनि सचेतना गराउन आग्रह गरे।

कार्यक्रममा शान्त माविका प्रधानाध्यापक शंकरराज अधिकारीले प्रशिक्षणबाट विद्यार्थीले आफु सचेत हुने र अरुलाई सचेत गराउन महत्वपूर्ण भूमिका खेल्नेमा विश्वस्त रहेको बताए।

लायन्स क्लब अफ ग्रीन वेभकी अध्यक्ष लक्ष्मी लामाले कार्यक्रम भव्यरुपमा सम्पन्न गर्ने सहभागिहरुलाई धन्यवाद ज्ञापन गरेकी थिइन्। कार्यक्रममा स्वागत मन्तव्य क्लबकी द्धितिय उपाध्यक्ष गिता तिवारीले राखेको थिइन् भने कार्यक्रमको सञ्चालन क्लबकी सचिव सरस्वती पुरीले गरेकी थिइन्।

# सार्वजनिक बिदामा आयोग र अन्तर्गतका कार्यालय खुला रहने

**रासस**
**काठमाडौं, २ भदौं**

प्रतिनिधिसभा र प्रदशेसभा निर्वाचनको अन्तिम मतपरिणाम सार्वजनिक नहुँदासम्म बिदाका समयमा पनि निर्वाचन आयोग र अन्तर्गतका कार्यालय खुला रहने भएको छ।

आयोगले बिहीबार एक प्रेस विज्ञप्ति जारी गरी आगामी मङ्सिर ४ गते आइतबारका दिन एकै चरणमा सम्पन्न हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनको अन्तिम मतपरिणाम सार्वजनिक नहुँदासम्म आयोगको सचिवालय काठमाडौँ, प्रदेश निर्वाचन कार्यालय तथा जिल्ला निर्वाचन कार्यालय सार्वजनिक बिदाका दिनमा समेत खुला रहने जानकारी गराएको हो।

आयोगका सहसचिव एवं प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा जारी विज्ञप्तिमा प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन सञ्चालन तथा व्यवस्थापनका सबै चरण र प्रक्रियाका कार्यहरू नियमितरूपमा सम्पादन गरी निर्धारित मितिमा नै निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, भयरहित र मितव्ययीरूपमा सम्पन्न गर्न, गराउन बिदाको समयमा कार्यालय खुला रहने उल्लेख गरिएको छ।

# भीरकोटमा आर्थिक उपार्जन गर्न पकेट कार्यक्रम

**पोखरापत्र संवाददाता**
**वालिङ, २ भदौं**

स्याङ्जाको भीरकोट नगरपालिकाले आर्थिक उपार्जनका लागि बङ्गुर, बाख्रा र सुन्तला पकेट कार्यक्रम सुरु गरेको छ। नगरपालिकाका नौवटै वडाका आर्थिक र सामाजिक हिसाबले पछाडि परेकालाई स्वावलम्बी बनाउने लक्ष्यसहित पालिकाले पकेट कार्यक्रम सुरु गरेको हो।

मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय गण्डकी प्रदेश पोखराबाट विनियोजन भएको रु एक करोड ४० लाख र नगरपालिकाबाट रु ६० लाखको लागत साझेदारीमा चालु आर्थिक वर्ष २०७९/८० को सुरुआत चरणबाट कार्य थालिएको भीरकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले बताउनुभयो । पालिकाका नौवटै वडामा वडावासीको माग तथा त्यहाँको सम्भावनाका आधारमा बङ्गुर, बाख्रा र सुन्तला पकेट कार्यक्रम सञ्चालन गरिएको हो।

बङ्गुर, बाख्रा तथा सुन्तला पकेट कार्यक्रम सञ्चालनका लागि न्यूनतम पनि २५ परिवार आबद्ध भएको समूह आवश्यक पर्छ। नगरपालिकाले बङ्गुर पकेट कार्यक्रमकालागि २५ परिवार आबद्ध रहेको दुई समूह, बाख्राका लागि २५ परिवार आबद्ध रहेको तीन समूह र सुन्तलाका लागि २५ परिवार आबद्ध रहेको दुई समूहलाई वडा/वडामा छनोट गर्न लागेको उहाँले बताउनुभयो।

"विशेष गरी आर्थिक र सामाजिक हिसाबले पछाडि परेका महिला, दलित तथा अतिविपन्न समुदायलाई आर्थिक उपार्जनसँग जोड्दै स्वावलम्बी बनाउने लक्ष्यसहित कार्यक्रम निर्धारण गरिएको हो" उहाँले भन्नुभयो, "यो कार्यक्रमबाट न्यूनतम पनि एकसय ७५ परिवार प्रत्यक्ष लाभान्वित हुने छन् ।" बङ्गुर र बाख्रा पकेट कार्यक्रम सञ्चालन भएका ठाउँका किसानलाई वस्तुगत सहायता, यन्त्र उपकरण, खोर निर्माण, औषधि, प्राविधिक सहयोग, बङ्गुर तथा बाख्राका पाठापाठी, माउ उपलब्ध गराउनुका साथै आवश्यक तालिम प्रदान गरिने छ। सुन्तला पकेटकालागि सुन्तलाका बिरुवा, कीटनाशक औषधि, मलखाद, सिँचाइका उपकरण, टिप्ने, काट्ने औजार तथा तालिम दिइने उहाँले बताउनुभयो।

भीरकोट नगरपालिकाका वडा नं १, २, ५, ६, ८ र ९ मा बङ्गुर पकेट, २, ३, ४, ६, ७, ८ र ९ मा बाख्रा पकेट तथा वडा नं १ र ७ मा सुन्तला पकेट निर्धारण गरी कार्य थालिएको हो । नगरपालिकाले चालु आवका लागि कृषिलाई प्राथमिकतामा राखेर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरा, भीरकोट नगरपालिका र युएनडिपीको साझेदारीमा झण्डै रु छ करोड विनियोजन गरेको उहाँले बताउनुभयो।


## कोभिड -१९ को जोखिम पुनः देखा परेको छ।

**यसबाट बच्न र बचाउनः**

- सही तरिकाले मास्क लगाऔं।
- भेटघाट र जमघटमा कम्तिमा २ मिटरको दुरी कायम राखौं।
- साबनुपानीले नियमित हात धोऔं वा स्यानिटाइजर प्रयोग गरौं।
- खोक्दा वा हाच्छिँयू गर्दा नाक, मुख छोप्ने गरौं।
- घर तथा कार्यालयमा नियमित सेनेटाइज गरौं।
- अनावश्यक भीडभाड नगरौं।
- हावा ओहोरदोहोर नहुने स्थान र भीडभाडमा नजाऔं।
- कोभिड-१९ विरुद्ध खोप लगाउन बाँकी भए तत्काल लगाऔँ।
- कोभिडको लक्षण देखिएमा समयमा नै परीक्षण गरौं।

सतर्क र सचेत बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । -गीता

## सम्पादकीय

# सत्ता गठबन्धनको बल मिच्याँई

राष्ट्रपति विद्यादेवी भण्डारीले सन्देशसहित फिर्ता पठाएको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकलाई गठबन्धनको बहुमतको बलमा प्रतिनिधिसभाले जस्ताको तस्तै पारित गरेको छ । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सो विधेयकमाथि भएको छलफलमा विपक्षी एमाले सांसदहरूले राष्ट्रपतिले उठाएका विषयमा सहमति जुटाउनु पर्ने विचार राखेका थिए । सत्ता गठबन्धनका  सांसदहरुले जस्ताको तस्तै पास गर्नुपर्ने धारणा राखेका थिए । सभामुख अग्नी प्रसाद सापकोटाले ध्वनि मतबाट पास गर्न खोजेपछि प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) को माग बमोजिम विधेयक पारित गर्नका लागि मतदान भएको थियो ।

बैठकमा उपस्थित १९५ सांसदमध्ये उक्त विधेयक पारित गर्ने पक्षमा १३५ र यथास्थितिमा विधेयक पारित गर्न नहुने पक्षमा ६० मत परेको थियो भने मत दिन्न भन्ने पक्षमा कुनै पनि मत परेन । पहिलो भन्दा यसपटक विधेयक मत विभाजनबाट छिनोफानो गरेर जनतामा यही मुद्दा लाने सत्ता गठबन्धन र विपक्षीको लाने भएका छन।नागरिकता विधेयक चुनावी नारा बन्ने भएको छ । प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित गरी गत साउन १६ गते प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाइएको थियो । राष्ट्रपतिले नेपालको संविधानबमोजिम संघीय संसद्बाट पुनःविचार हुन आवश्यक देखिएको उल्लेख गर्दै आठ बुँदासहित साउन २९ गते संसद्मा फिर्ता पठाएकी थिइन् ।

सत्ता गठबन्धनले विचारको आधारमा भन्दा बहुमतको बलमा नागरिकता जस्तो विषयमा जनतालाई विभाजित गराएका छ । देशलाई दिर्घकालीन असर पार्ने विषयमा राष्ट्रिय सहमति जुटाउन सरकार र सभामुखले पहल नगरी आफ्नो दायित्वबाट पन्छिने काम गरेका छन । प्रतिनिधिसभाबाट पुनः पारित उक्त विधेयक अब राष्ट्रियसभामा पठाइने छ । राष्ट्रियसभाको यही भदौ ६ गते बस्ने पहिलो बैठकमा राष्ट्रपतिको विधेयकमाथि पुनःविचार गरियोस् भन्ने सन्देश टेबल हुनेछ । त्यसपछिको बैठकमा प्रतिनिधिसभाबाट प्राप्त विधेयकसम्बन्धी सन्देश टेबल गरिन्छ र सो विधेयकमाथिको छलफल प्रक्रिया प्रारम्भ हुनेछ ।

राष्ट्रियसभामा छलफल भई विधेयक पारित भएपछि सन्देशसहित प्रतिनिधिसभामा पठाइने र सभामुखले प्रमाणित गरी प्रमाणीकरणका लागि पुनः राष्ट्रपतिसमक्ष पठाइने छ । पहिलो पटक मतबाटपुनःविचार गर्नका लागि राष्ट्रपतिले नागरिकता विधेयकलाई संघीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा)मा फिर्ता पठाए पनि अब पुनःविचारका लागि ठाउँ नभएको र विधेयकलाई प्रमाणीकरण गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ । विगतमा राजा बिरेन्द्रले सर्वोच्च अदालतको राय मागे जस्तै माग्न सक्नेछन । तर त्यो बाटोमा जान निकै अप्ठ्यारो छ । राष्ट्रपतिले पुनर्विचार गर्न पठाएको विधेयक गृहमन्त्री बालकृष्ण खाँणले हुबहु पारितका लागि निर्णयार्थ पेश गरेपछि प्रमुख प्रतिपक्षी एमालेले संसदमा विरोध गरेको थियो ।

एमालेले विधेयकलाई सर्वदलीय बैठक बोलाएर सहमति कायम गराउन माग गरेको थियो । नागरिकता जस्तो विषय बहुमत  अल्पमतको खेलखेल्नु राष्ट्र कमजोर बनाउने विदेशीको षड्यन्त्र  त होइन भन्ने प्रश्न खडा भएको छ । यसअघि सत्तारुढ गठबन्धनको बैठकले विधेयक हुबहु पारित गर्ने निर्णय गरेर संसद्लाई नेताको रबर स्ट्याम बनाउने काम गरेका थिए । सर्वोच्चको परमादेशबाट बनेको सरकारले संसद्लाई राष्ट्रियता कमजोर बनाउने माध्यम बनाउने काम गरेको छ । सत्ता स्वार्थमा नागरिकता सजिलै बाँड्ने मोबाइलको सिम कार्ड जस्तै बनाएका छन । जुन देशभक्त स्वाभिमानी नेपालीलाई कमजोर बनाएर अंगिकृतलाई देश सुम्पने प्रपञ्च हो ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| ककर्ट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।

# बागलुङमा भदौरे जात्राको रमझम

**पोखरापत्र संवाददाता**
**बागलुङ, २ भदौं**

शरदयामको छेकोमा यहाँको माहोल जात्रामय बनेको छ । झरी थामिएर घमाएका दिनले चाडवाड आउन लागेको सङ्केत गरिरहेका छन् । ठूला पर्व सुरु हुनुअघि यहाँ सांस्कृतिक जात्रा र नाचको छुट्टै रौनक चल्छ ।

जनैपूर्णिमादेखि कृष्णाष्टमीसम्म भदौरे जात्रा निकाल्ने प्रचलन छ । जसलाई बर्खे नाचले पनि चिनिन्छ । भदौरे जात्रा अन्तर्गत लाखे, बास्सा, रोपाइँ, होवा, जोगी, कटुवाल, घोडालगायतका नाच तथा झाँकी प्रदर्शन गरिन्छ । रैथाने नेवार समुदायले आफ्नो पुस्तैनी संस्कृतिका रुपमा जात्राको परम्परालाई धान्दै आएको छ ।

नेवार युवाको संस्था 'नेवा ल्याम पुच' का अध्यक्ष जय राजभण्डारीले शुक्रबार घोडा नाच देखाएपछि यो वर्षको भदौरे जात्रा सकिने बताउनुभयो । सोही संस्थाको अगुवाइमा मङ्गलबार रोपाइँ नाच र बुधबार शाक्य कल्याण समाजले जोगी नाच निकालेको थियो । त्यसअघि समाजले लाखे नाच र ल्याम पुचले होवा र कटुवाल नाच देखिएको थियो ।

"शाक्य कल्याण समाजबाट लाखे र जोगी नाच निकल्छन्, अरु नाच नेवा ल्याम पुचले देखाउँछ", अध्यक्ष राजभण्डारीले भन्नुभयो । ऐतिहासिक नाच तथा जात्राको संरक्षणमा नेपाल भाषा मंकाः खलः, नेवा ल्याम पुच र शाक्य कल्याण समाज सक्रिय छ । झण्डै तीन सय वर्षअघि भक्तपुर, धुलिखेल र भादगाउँबाट यहाँ भित्रिएका नेवार जातिले भदौरे जात्राको प्रचलन बसालेको संस्कृतिकर्मी प्रेम छोटाले बताउनुभयो । "भाइचारा, मेलमिलाप, सामाजिक सन्देश र मनोरञ्जनको माध्यमको रुपमा जात्रालाई लिइन्छ", उहाँले भन्नुभयो, "जात्राभित्र विभिन्न परम्परा झल्कने गीत, नाच प्रदर्शन हुने गरेको छ, गाईजात्रा पर्वको दिनदेखि नै बर्खे नाच निकाल्न सुरु हुन्छ ।"गाईजात्रामा वर्ष दिनभित्र दिवङ्गत भएका आफन्तको सम्झनामा तायामचाः र बास्सा नाच निकालिएको थियो । त्यसयता लाखे, होवा, कटुवाल, रोपाइँ, जोगी नाच प्रदर्शन भइसकेको छ । कृष्णाष्टमीका दिन घोडा नाच निकाल्ने तयारी छ । उक्त नाचमा मानिसलाई घोडाको आकृति दिएर टिन र झ्यालीको तालमा जिस्काउँदै बजार परिक्रमा गराउने चलन छ । कटुवाल नाचमा पनि युवा विभिन्न रुपका मुकुण्डो धारण गरेर मृदङ्गको तालमा नाच्ने र कटुवालको भूमिका निभाउनेले रोपाईंको सन्देश दिने चलन छ । हली, बाउसे, खेताल्नीलाई भोलिपल्ट हुने रोपाइँको सन्देश दिन कटुवाल नाच निकाल्ने गरिन्छ ।

कटुवाल नाचपछि हुने रोपाइँ नाच पनि यहाँको पुरानो जात्रामध्येमा पर्छ । रोपाइँ नाचमा नेवार समुदायका युवा, वयस्क महिलाको वेष धारणा गरेर नाचमा सहभागी हुन्छन् । हातमा धानको बीउ समातेर असारे भाकामा गीत गाउँदै बजार परिक्रमा गर्छन् । असारे नाचमा पनि आफ्ना भावना, विचारलाई गीतको माध्यमबाट स्वतन्त्र ढङ्गले प्रस्तुत गर्ने गरिन्छ । जोगी नाच भदौरे जात्राको अर्को आकर्षण हो । नेवारभित्र पनि शाक्य समुदायले यसको संरक्षण गर्दै आएको छ । जोगीको वेषमा सजिएर बाजाको विभिन्न तालमा लस्कर लागेर नाच्ने प्रचलन रहेको शाक्य कल्याण समाज सचिव मञ्जुल शाक्यले बताउनुभयो । उहाँले बागलुङको जोगी नाच पनि तीन सय वर्ष पुरानो भएको उल्लेख गर्नुभयो । जोगी नाचले सामाजिक एकता, भाइचारा बढ्ने, आसुरी प्रवृत्तिको नाश हुने र सहकाल आउने विश्वास गरिन्छ ।

जोगी नाचमा धेरै कलाकार चाहिने र खर्चिलो हुने हुँदा संरक्षणमा जटिलता थपिँदै गएको समाजका सचिव शाक्यले बताउनुभयो । जात्राले गीत, नृत्य र अभिनयबाट व्यङ्ग, पौराणिक कथा, जनजीवनका भोगाइ र स्वस्थ मनोरञ्जनलाई समेट्ने गरेको छ । प्रायः नाच गाईजात्राकै भिन्नस्वरुप जस्ता देखिन्छन् । "जात्राले सामाजिक विकृति, विसङ्गतिप्रति व्यङ्ग मात्र गर्दैन" संस्कृतिकर्मी छोटाले भन्नुभयो, "मौलिक र परम्परागत मूल्य, मान्यताले पनि यो सुसज्जित छ ।" सबै भदौरे नाचको कथा, पृष्ठभूमि, स्वरुप र शैली भने भिन्नभिन्न पाइन्छ । गाईजात्राका दिन निकालिने तायामचाः र बास्सा नाच दिवङ्गत आफन्तको सम्झना र मोक्ष प्राप्तिको कामनासहित निकाल्ने गरिन्छ ।

बास्सा नाचमा देवी, देवताको वेषभूषा र बान्कीमा सजिएर भगवान राम, कृष्ण, विष्णु आदिका लीला प्रदर्शन गर्ने चलन छ ।

# श्रीकृष्ण जन्माष्टमी पर्व

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २ भदौं**

वैदिक सनातन धर्मावलम्बीले 'श्रीकृष्ण जन्माष्टमी' पर्व शुक्रबार देशभर भगवान् श्रीकृष्णको पूजा-आराधना गरी श्रद्धा-भक्तिपूर्वक मनाउँदैछन् ।

ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान् श्रीकृष्णको जन्म द्वापरयुगमा भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएकाले आजको दिनलाई 'श्रीकृष्ण जन्माष्टमी' र रातलाई 'मोहरात्री' भनिन्छ । यस दिन देशभरिका कृष्णमन्दिरमा भगवान् श्रीकृष्णको पूजा-आराधना, प्रवचन, भजनकीर्तन गर्नाका साथै विशेष गरी महिला, पुरुष 'व्रत' गरी रातभर जाग्राम बस्ने प्रचलन छ । अन्याय, अत्याचार र राक्षसी प्रवृत्तिबाट सम्पूर्ण मानवको रक्षा गर्न भगवान् विष्णुको आठौँ अवतारका रूपमा जन्मनुभएका श्रीकृष्णले आजीवन सत्यको पक्षमा रही सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गर्नुभएको थियो । कुरुक्षेत्रमा कौरवहरूसँगको लडाइँमा संलग्न पाण्डवमध्येका अर्जुनलाई उपदेश दिने क्रममा स्वयम् श्रीकृष्णका मुखारविन्दबाट व्यक्त 'श्रीमद्भागवतगीता' पवित्र ग्रन्थ मानिन्छ । छोटकरीमा गीता नामले समेत चिनिने यो ग्रन्थ विश्वमै सबैभन्दा बढी भाषामा अनुवाद भएको विश्वास गरिन्छ । बाल्यकालदेखि नै आफ्ना विचित्र लीला देखाउनुभएका श्रीकृष्णले पुतना, कंश, जरासन्ध र शिशुपालजस्ता दानवी प्रवृत्तिको संहार गर्नुभएको पौराणिक ग्रन्थमा उल्लेख छ । यस अवसरमा आज पाटनको मङ्गलबजारस्थित प्रसिद्ध कृष्णमन्दिरमा ठूलो मेला लाग्दछ । यसैगरी राजधानीको उत्तरपूर्वी भेगस्थित कागेश्वरी मनोहरा नगरपालिकामा रहेको नवतनधाममा पनि भक्तजनको भीड लाग्छ । उत्तरी भेगस्थित बूढानीलकण्ठमा रहेको श्रीकृष्ण भावनामृत सङ्घको कार्यालयमा रहेको कृष्ण मन्दिरमा पनि भक्तजनको भीड लाग्ने गरेको छ । यसै उपलक्ष्यमा काठमाडौँका विभिन्न धार्मिक संघसंस्थाद्वारा श्रीकृष्णको झाँकीसहित शोभायात्रा तथा रथयात्रा निकाल्ने चलन छ । यस पर्वका अवसरमा विगतमा काटिएको सार्वजनिक बिदालाई सरकारले फेरि निरन्तरता दिएको छ ।

# 'भ्यूटावर 'को भएन संरक्षण

**पोखरापत्र संवाददाता**
**बागलुङ, २ भदौं**

बागलुङको पहिलो घरबास गाउँ भकुण्डेमा रहेको ' भ्यूटावर'को संरक्षण नहुँदा क्षति पुगेको छ । बागलुङ नगरपालिका-१० स्थित भ्यूटावर विसं २०७६ मा निर्माण सम्पन्न भएको थियो ।

करिब रु एक करोड बराबरको लागतमा निर्माण गरिएको भ्यूटावरको संरक्षण नहुँदा कुरुप देखिँदै गएको छ । भ्यूटावरको चौथो तलामा प्रयोग गरिएको सिसाको केही भाग फुटाइएको छ भने विद्युतीय सामग्रीसमेत तोडफोड गरिएको पाइएको छ । भ्यूटावर संरक्षणमा सरोकारवालाले चासो नदिँदा त्यसका संरचना विस्तारै बिग्रँदै गएका हुन् । भ्यूटावरमा प्रयोग गरिएको विद्युत् का केही सामग्री चोरी भएको, विद्युत्का तार छुटाइएको छ भने सिसा र आल्मुनियमको झ्याल फुटाइएको पाइएको दृश्यावलोकनका लागि पुग्नुभएको सङ्गम घर्तीले बताउनुभयो ।

निर्माण सुरु गरिएको सात वर्षमा सम्पन्न भएको भ्यूटावर सौन्दर्यीकरणका लागि दुई वर्ष अगाडि चौथो तलामा बागलुङ नगरपालिकाले रु १० लाखको लागतमा लगाइएको सिसाको पूर्वपट्टीको भाग पूरै फुटाइएको अन्य भागको सिसामा प्वाल परेको र चर्केको छ । पछिल्लो समय बागलुङ-१० भकुण्डेस्थित मूलाबारी भ्यूटावर पर्यटकका लागि रोजाइमा पर्न थाले पनि भ्यूटावरको संरचनामा क्षति भएको र यो विषयमा नगरपालिकालाई जानकारी गराएको बागलुङ-१० का वडाध्यक्ष तीलबहादुर थापाले जानकारी दिनुभयो ।

"भ्यूटावर गाउँभन्दा माथि जङ्गलको बीचमा छ, सुरक्षाको लागि तारबारसमेत गरेर बलेवा र भकुण्डे क्षेत्रमा गेटसमेत निर्माण गरिएको थियो, भने भ्यूटावरमा हेरालुसमेत राखिएको थियो", उहाँले भन्नुभयो, "अहिले हेरालुले प्रवेश शुल्कद्वारा सङ्कलन गरिएको रकम कोरोनाका कारण कमी आएको भन्दै छोडेर गएछन्, अहिले सुरक्षा गर्ने कोही छैन, दुई स्वागत बोर्डसमेत पल्टिएको छ, नगरपालिकामा मर्मतका लागि भनेको छु भने सुरक्षाका लागि प्रहरी खटाउन पहल गरिरहेको छु ।" पर्यटकीय गाउँ भनेर जिल्लामा परिचित भकुण्डेमा पुग्ने पर्यटकलाई भ्यूटावरबाट देखिने सूर्योदयको दृश्यले लोभ्याउन थालेको भए पनि भ्यूटावरको पर्खालमा जथाभावी शब्द लेख्ने कार्यले त्यहाँ पुगेका पर्यटकलाई समस्या भएको गुनासो छ ।

विषेशगरी मगर समुदाय रहेको भकुण्डे गाउँमा बराह ताल, मगर संस्कृति, सङ्ग्रहालय, मनोरम दृश्य तथा घरबासको आतिथ्यताका लागि आन्तरिक तथा बाह्य पर्यटक त्यहाँ पुग्ने गरेका छन् भने बिहानै उठेर दृश्य अवलोकनका लागि गाउँमाथिको डाँडामा रहेको भ्यूटावर पुग्ने गरेका छन् । भ्यूटावर छेउमै बनेको खरको कटेज अहिले भग्नावशेष अवस्थामा छन् भने रेष्टुराँ खोल्नलाई बनाइएको जस्ताको छाप्रोसमेत भत्किएको छ । अहिले जेसिज बागलुङले बनाएको स्वागत बोर्डसमेत भुइँमा ढलेको छ ।

भकुण्डे भ्यूटावरको संरचनामा क्षति पुगेका विषयमा बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्का, प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सापकोटाले अनुगमनसमेत गर्नुभएको बागलुङ नगरपालिकाले जनाएको छ । भ्यूटावर संरक्षणमा स्थानीयको सक्रियता हुँन आवश्यक देखिए पनि नगरपालिकाले भ्यूटारको मर्मतसम्भार गर्ने नगरउपप्रमुख राजु खड्काले बताउनुभयो ।

"हामीले संरचना बनाउने हो संरक्षणको जिम्मा स्थानीयकै हुन्छ, संरचनामा क्षति पुगेको अनुगमनका क्रममा पाइयो, हामीले मर्मतसम्भार गरेर पुनःस्थानीयलाई सुरक्षा गर्न भन्नेछौँ", उहाँले भन्नुभयो, "राज्यले करोड खर्चेर बनाएको संरचना विग्रँन हुँदैन, त्यहाँ पुग्ने केही पदमार्गसमेत मर्मत गर्न आवश्यक देखिएको छ, हामीले त्यो काम गर्ने र पुनःभ्यूटावरलाई पुरानै अवस्थामा फर्काइनेछौँ ।"

भकुण्डेमा पर्यटकको आगमन बढ्न थालेपछि तत्कालीन संविधानसभा सदस्य नरबहादुर थापाको पहलमा भ्यूटावर निर्माण थालिएको थियो ।

तत्कालीन जिल्ला विकास समिति, संसद् विकास कोषमा बनेको भ्यूटावरको अन्तिम रुप बागलुङ नगरपालिकाले तयार गरेको थियो । भ्यूटावरमा पुग्नका लागि रेलिङसहितको पदमार्ग, खानेपानी, शौचालयलगायतका पूर्वाधार निर्माण भए पनि पानीको अभावमा खानेपानीको ट्याङ्की र धारोसमेत प्रयोगविहीन बनेको छ । भारतको दार्जलिङ तथा पोखराको सराङ्कोटबाट देखिने सूर्योदयको विकल्प भकुण्डेको भ्यूटावरबाट देखिने सूर्योदय हुनसक्ने भकुण्डे पुग्ने पर्यटकले बताएका छन् । जिल्ला सदरमुकाम बागलुङ बजारदेखि तीन घण्टाको पैदल तथा समुन्द्री सतहदेखि दुई हजार एकसय ५० मिटरको उचाइमा चारतले पक्की भ्यूटावर रहेको छ ।

# मानिसकै लापबाहीका कारण बढ्दैछ प्राकृतिक विपत्ति

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २ भदौं**

हिमाली जिल्ला म्याग्दीमा मानवीय लापबाहीका कारण प्राकृतिक विपत्ति बढ्दै जान थालेको छ । यस वर्षको बर्खा याममा प्राकृतिक विपत्तिमा परेर एकै परिवारका पाँचजनाको ज्यान गयो । भारी वर्षाले ग्रामीण क्षेत्र जोड्ने सडक अवरुद्ध हुँदा जनजीवन अस्तव्यस्त भएको छ । भोगौलिक बनावट कमजोर रहेको जिल्लाका विभिन्न भागमा प्राकृतिक प्रकोपजन्य समस्या (भूक्षय, बाढीपहिरो तथा नदी कटान)ले गर्दा बर्सेनि ठूलो धनजनको क्षति हुने गरेको सरोकारवालाले बताएका छन् । भिरालो जमिन, कमजोर भू-वनोट, भूमिगत जलप्रवाह, अव्यवस्थित भलपानी, ग्रामीण सडक विस्तार, परापूर्वकालदेखि बग्दै आएको खोल्साखोल्सीको बहावमा परिवर्तनजस्ता समस्याका कारण जिल्लाका अधिकांश बस्ती बाढी तथा पहिरोको उच्च जोखिममा रहेको भू-संरक्षण कार्यालयका निमित्तप्रमुख शम्भुप्रसाद मिश्रले बताउनुभयो ।

उहाँका अनुसार जिल्लाको ६१ प्रतिशत भू-भाग ६० डिग्रीभन्दा बढी, ३६ प्रतिशत भू-भाग १-६० डिग्री भिरालो छ भने केवल तीन प्रतिशत भू-भाग मात्र समथर छ ।

क्षेत्रफलको हिसाबले दुई हजार दुई सय ९७ दशमलव छ वर्गकिलोमिटर रहेको जिल्लामा छोटो समयमा हुने अधिक मनसुनी वर्षा, भूकम्पीय कम्पन्न तथा भौगर्भिक हलचलका साथै जमिन जानु, भिरालो पाखामा रहेका ठूला रुख प्रजातीका वनले गर्दा पानी पर्दा र भूमिगत पानीका कारण भिरालो जमिन भासिने तथा जमिनमा धाँजा फाटेर अन्त्यमा पहिरो जाने गरेको निमित्तप्रमुख मिश्रले जानकारी दिनुभयो ।

उक्त कार्यालयले दिएको सुझावसमेत कार्यान्वयन हुनसकेको छैन । एक नगरपालिका र पाँच गाउँपालिकाको ४५ वडामध्ये अधिकांशमा विकास र समृद्धिको नाममा ग्रामीण क्षेत्रमा जथाभावी सडक विस्तारको काममा डोजर चालक नै इञ्जिनीयर बन्ने र उपभोक्ता समिति तथा राजनीतिक दलको स्वार्थका कारण पनि विनास निम्त्याएको छ ।

बितेको आधादशकयता म्याग्दीमा प्राकृतिक विपत्तिमा परेर ५० भन्दा बढीले ज्यान गुमाएका थिए । बस्तीमाथिबाट जथाभावी डोजरले डाँडा काटेर बस्ती नजिकै पुगेका कच्ची सडकले मानव विपत्ति निम्ताइरहेको छ । बाढीपहिरो र अन्य प्राकृतिक विपत्तिलाई न्यूनीकरण गर्न हालसम्म लिखितरुपमा गरिएका निर्णय कागजमै सीमित भएको छ ।

जनप्रतिनिधि र सरोकारवाला निकायसहितको उपस्थितिमा भएका बैठकमा आफूले नै हस्ताक्षर गरेको निर्णयको स्वयं हस्ताक्षरकर्ताले नै उल्लङ्घन गरिरहेका छन् । केही स्थानीय तहमा जनप्रतिनिधि आफैं ठेकेदार र डोजरको मालिक भएकाले पनि सडक निर्माणमै प्राथमिकताका साथ बजेट विनियोजन गरिएको गुनासो सधैं आउँछ । स्थानीय तहबाहेक प्रदेश र सङ्घीय सरकारका सांसदको निर्वाचन क्षेत्र विकास कोष र निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रममार्फत विनियोजन हुने बजेटसमेत अधिकांश सडककै लागि खर्च हुने गरेको छ ।

पहिरो, भूक्षय, कटान र बाढीको समस्या न्यूनीकरणका लागि सडकको ट्याक खन्नुअघि नयाँ ट्र्याक खन्दा वातावरणीय प्रभाव अध्ययन (इआइए) मूल्याङ्कन नगरी सडक निर्माण गरिएकाले स्थानीय समुदायबाटसमेत प्रतिरोध गरिनुपर्नेमा जोड दिइएको छ । प्राकृतिक विपत्तिको ठूलो हिस्सा मानव नै भएकाले जनधनको क्षति न्यूनीकरण गर्न ग्रामीण सडक निर्माण गर्दा सडक पाखो संरक्षण, अनियन्त्रित रुपमा बग्ने भलपानीको उचित व्यवस्थापन गर्नाका साथै प्रत्येक स्थानीय निकायले आ-आफनो क्षेत्रमा रहेका जोखिमयुक्त बस्ती, गल्छी, पहिरो, खोला किनार कटानी क्षेत्र, नदी उकास जग्गा र क्षतिग्रस्त भूमिको पहिचान गरी सोको विवरण तयारी गरी प्राथमिताअनुसार संरक्षण गर्दै जानुपर्नेमा सरोकारवालाले जोड दिए ।

# बीउ प्रशोधन केन्द्रले उत्पादकलाई सहज

–तोलाकान्त बगाले

वालिङ, २ भदौ (रासस)

स्याङ्जाको वालिङ नगरपालिका–१ यवादीमा रहेको कृषि विकास स्रोत केन्द्रले बीउ प्रशोधन थालेको छ।

प्रशोधन केन्द्र सञ्चालनमा आएसँगै बीउ समूहद्वारा उत्पादित बीउको सफाइ गर्ने, ग्रेडिङ गर्ने, विषादी उपचार गर्ने र प्याकेजिङ गर्न थालिएको हो । गण्डकी प्रदेशभरिका एघार वटै जिल्लामा रहेका विभिन्न ७२ बीउ उत्पादन समूह, सहकारीमध्ये यहाँसम्म ल्याउन सम्भव हुने स्याङ्जासहित आसपासका समूहले उत्पादन गरेको बीउ प्रशोधन गरिने कृषि स्रोत केन्द्रका बाली विकास अधिकृत सुदीप रेग्मीले बताउनुभयो।

बीउबिजन प्रयोगशाला पोखरामा बीउ उत्पादनका लागि सूचीकृत भएका व्यावसायिक उत्पादक समूह सहकारीले उत्पादन गरेका खाद्यान्न तथा तरकारी बालीअन्तर्गत धान, मकै, गहुँ, दलहन, तेलहनका बीउको प्रशोधन गरिने उहाँले बताउनुभयो । "गुणस्तरीय बीउका लागिफलपाकेदेखिभण्डारणसम्मका निश्चित् मापदण्ड पूरा गर्नुपर्ने भएकाले गुणस्तर जोगाइराख्नका लागि किसानलाई समस्या छ", उहाँले भन्नुभयो, "किसानले उत्पादन गरेको बीउको सफाइ गर्ने, ग्रेडिङ गर्ने, विषादीद्वारा उपचार गर्ने



र प्याकेजिङ गर्ने प्रविधि, उपकरण नहुने भएकाले किसानको सहजताका लागि प्रशोधन केन्द्र स्थापना गरेका हौँ ।" भखैरमात्रै सञ्चालनमा आएको प्रशोधन केन्द्रमा जडान गरिएको मेसिनले प्रतिघण्टा डेढ टन बीउ प्रशोधन गर्छ । "उत्पादन भएको बस्तुलाई किसानले खेत बारीबाट सिधैँ प्रशोधन केन्द्रमा ल्याए हुन्छ", उहाँले भन्नुभयो, "सफा गर्नेदेखि प्याकेजिङसम्मका सबै काम प्रशोधन केन्द्रमा जडान गरिएको मेसिनले गर्छ ।" कृषि स्रोत केन्द्रले बीउ उत्पादक समूह सहकारीबाट उत्पादन हुने खाद्यान्न तथा तरकारी बालीको बीउको उत्पादन र मागको सन्तुलनको तथ्याङ्क बनाइएकाले बीउ उत्पादक र बिक्रेता तथा उपभोक्ताबीच समन्वयकारी भूमिका खेल्ने गरेको छ। प्रमाणित बीउ कार्यालयको नियमानुसार बिक्री गरेको खण्डमा बिक्री मूल्यको ५० प्रतिशत थप प्रोत्साहन अनुदान किसानलाई उपलब्ध गराइने उहाँले बताउनुभयो।

बीउ उत्पादनका क्षेत्रमा लामो समयदेखि काम गर्दै आएका सक्रिय बीउ उत्पादक समूह, सहकारीलाई कार्यालयमार्फत पूर्वाधार निर्माण तथा क्षमता विस्तारका कार्यक्रम सञ्चालन गर्दैछ आएको छ । "बीउ उत्पादनलाई वृद्धि गर्दै गण्डकी प्रदेशलाई खाद्यान्न तथा तरकारी बालीमा आत्मनिर्भर बनाउनका लागि विभिन्न योजना अगाडि सारेका छौँ", उहाँले भन्नुभयो, "अब कार्यालय आफैले पनि जग्गा भाडामा लिएर बीउ उत्पादन थाल्नेछ, बीउ उत्पादक समूह, सहकारीका किसानको क्षमता विकाससँगै उत्पादनको क्षेत्र विस्तारमा जोड दिइने छ ।" बीउ उत्पादक समूह सहकारीका लागि सम्बन्धित ठाउँमै स–साना प्रशोधन उपकरणसहितको सुरक्षित भण्डारणका लागि पूर्वाधार निर्माण र क्षमता विकासमा कार्यालयमार्फत सहयोग गर्ने छ। कार्यालयले मेसिन जडानका लागि रु ५७ लाख र भवनका लागि रु ३५ लाख लगानी गरेको छ। बीउ सफा गर्नेदेखि प्याकेजिङ गर्नेसम्मका प्रक्रिया मेसिनमार्फत नै गरिने भएकाले आगामी वर्ष सुरक्षित भण्डारणका लागि भण्डार गृह बनाउने तयारीमा रहेको उहाँले बताउनुभयो । वालिङमै बीउ प्रशोधन केन्द्र स्थापना भई सञ्चालनमा आएसँगै सहजता भएको हरितज्योति एग्रोफर्म प्रालि वालिङका सञ्चालक शिवलाल ढुङ्गेले बताउनुभयो।

फर्ममार्फत उत्पादन भएको गहुँमध्ये प्रशोधन गरी तीस क्वीन्टल नार्कबाट प्रमाणित बीउ भण्डारण गरी राखेको उहाँले बताउनुभयो । "बीउ प्रशोधनका लागि अन्यत्रै टाढा जानुपर्दा खर्च बढ्ने र झण्झटिलो हुन्थ्यो", उहाँले भन्नुभयो, "यहीँ नजिकै प्रशोधन गर्न पाउने सुविधा भएसँगै बीउ उत्पादकलाई सहजता भएको छ।"

# पालिकाले बनाउन सकेनन् आफ्नै पाठ्यक्रम

पोखरापत्र संवाददाता

पोखरा, २ भदौ

संविधानले स्थानीय तहलाई आफ्नै पाठ्यक्रम बनाएर लागू गर्ने अधिकार दिएको छ। जिल्लाका नगरपालिकाले उक्त अधिकार प्रयोग गर्न सकेका छैनन्।

साधनस्रोत बढी भएर पनि नगरपालिका पाठ्यक्रम बनाउने अभियानमा पछि परेका हुन् । बरु आफ्नै पाठ्यक्रम बनाएर लागू गर्नेमा गाउँपालिका अगाडि देखिएका छन् । पाठ्यक्रममा तमानखोला पहिलो भयो। त्यसपछि ताराखोला र बरेङ गाउँपालिकाले पनि पाठ्यक्रम बनाएर लागू गरे। तमानखोलाले 'मेरो तमानखोला' नामक पाठ्यक्रम बनाएर कक्षा १ देखि ३ सम्म पढाउन थालेको हो। आगामी वर्ष कक्षा ५ सम्मको पाठ्यक्रम लागू गर्ने तयारी भएको गाउँ शिक्षा अधिकारी पूर्णबहादुर घर्तीले बताउनुभयो । ताराखोला गाउँपालिकाले पनि गत शैक्षिकसत्रबाटै पाठ्यक्रम बनाएर पढाउन थालेको हो। ताराखोलाको पाठ्यक्रममा स्थानीय उत्पादन र मगर संस्कृतिबारे बढी सामग्री सङ्कलन गरिएको गाउँपालिका अध्यक्ष धनबहादुर विकले बताउनुभयो।

बरेङ गाउँपालिकाले पनि चालु वर्षदेखि पाठ्यक्रम लागू गरेको बताएको छ । बरेङले पहिलो चरणमै कक्षा १ देखि ३ सम्मको 'हाम्रो बरेङ' पाठ्यक्रम बनाएर पढाउन थालिसकेको शिक्षा अधिकारी सूर्यप्रसाद शर्माले जानकारी दिनुभयो । "मौलिक ढङ्गको पाठ्यक्रम बनाइरहेका छौँ", उहाँले भन्नुभयो, क्रमशः पाठ्यक्रम बनाउने योजना छ ।" स्थानीय चाडपर्व, कला, संस्कृति र पालिकाको परिचयलाई पाठ्यक्रममा समावेश गरिएको उहाँले बताउनुभयो।

तीनवटै पालिकाले पहिलो चरणमा मस्यौदा बनाए । त्यसमा विज्ञ समूहको छलफलमार्फत निष्कर्षसमेत निकालेपछि पाठ्यक्रमलाई अन्तिम रुप दिएका थिए। बडीगाडमा छिट्टै पाठ्यक्रम बनाएर लागू गर्न तयारी भएको अध्यक्ष गण्डकी थापा अधिकारीले बताउनुभयो। अन्य गाउँपालिकामा पनि मस्यौदा लेखनको काम भइरहेको र त्यसपछि छलफल गरेर अन्तिम रुप दिने योजना जनप्रतिनिधिले सुनाए । सदरमुकामस्थित बागलुङ नगरपालिकामा भने अझै स्थानीय पाठ्यक्रमको सुरसार छैन । गलकोट, जैमिनी र ढोरपाटन नगरपालिकाले पनि पाठ्यक्रममा प्रगति गर्न सकेको छैन । साधनस्रोत धेरै भए पनि नगरपालिका तहमा स्थानीय पाठ्यक्रमबारे चासो नै नभएको अभिभावकले बताए। "सबैभन्दा दुर्गमको तमानखोलाले गर्नसक्ने काम सदरमुकाममा किन भएन ?", स्थानीय सुजन परियारले भन्नुभयो, "कर्मचारी र जनप्रतिनिधिमा केही गरौँ भन्ने भावना भएन भने कुरा ठूला हुन्छन् ।" अन्य काममा पनि जिल्लाका नगरपालिकाभन्दा गाउँपालिका अगाडि देखिएको उहाँले बताउनुभयो । तयारी गरेकाले पनि काम फत्ते गर्न सकेका छैनन्। मस्यौदा बनाएको बागलुङ नगरपालिकाले पाठ्यक्रमको पुस्तिका तयार गर्न सकेको छैन । "विभिन्न छलफल र कार्यशालामार्फत प्रारम्भिक मस्यौदा बनाएका छौँ", बागलुङ नगर शिक्षा अधिकारी धनप्रसाद पोखरेलले भन्नुभयो, "पाठ्यपुस्तक बनाउने बजेट नभएर रोकिएका हौँ ।" गत आर्थिक वर्ष बजेट नपाएर रोकिएको काम अब आर्थिक अधिकार आएपछि गरिने उहाँले बताउनुभयो । त्यसका लागि केकति बजेट विनियोजन छ भन्ने उहाँले खुलाउनुभएन्।

जैमिनी नगरपालिकामा अहिलेसम्म पाठ्यक्रमबारे सुरसार छैन । पाठ्यक्रम तयारी समिति मात्रै गठन भएको नगर शिक्षा अधिकारी खेमप्रसाद आचार्यले बताउनुभयो। "चालु वर्ष दुई लाख ५० हजार बजेट पनि छ अब हामी लाग्छौँ", आचार्यले भन्नुभयो, "आगामी वर्षदेखि कम्तीमा कक्षा १ को भए पनि पाठ्यक्रम लागू गर्छौं ।" गलकोटमा पाठ्यक्रमबारे सामान्य छलफल भएको छ । ढोरपाटन नगरपालिकामा पनि सुरसार छैन । "पाठ्यक्रममा पालिकाभित्रका सबै वडा, ती वडाका महत्वपूर्ण उत्पादन, धार्मिक र पर्यटकीयस्थल तथा ऐतिहासिक पात्र समावेश गर्नुपर्ने सुझाव आएको छ", गलकोट नगर प्रमुख भरत शर्मा गैरेले भन्नुभयो, "बालमैत्री नगर बनाउने तयारीमा छौँ, अब नयाँ पाठ्यक्रम पनि बनाएर आगामी वर्ष लागू गर्छौं ।"

# कर्मचारी चार कार्यक्षेत्र पाँच जिल्ला !

पोखरापत्र संवाददाता

दमौली, २ भदौ (रासस)

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय तनहुँको कार्यक्षेत्र पाँच जिल्ला हो । कार्यालयलाई तनहुँसहित लमजुङ, गोरखा, मनाङ र नवलपुरको खाद्य/दाना बजार तथा उद्योग अनुगमन, नमूना सङ्कलन मुद्दाको अनुसन्धानको जिम्मेवारी छ।

व्यास नगरपालिका–३ शान्तिनगरस्थित भाडाको घरमा कार्यालय सञ्चालनमा छ । पाँच जिल्ला कार्यक्षेत्र भएको कार्यालयमा कर्मचारी सङ्ख्या भने जम्मा चार जना मात्रै छ । कार्यालयका एक खाद्य अनुसन्धान अधिकृत, दुई प्राविधिक सहायक र एक जना कार्यालय सहयोगी कार्यरत छन्।

पाँच जिल्ला कार्यक्षेत्र भएको कार्यालयमा कर्मचारी कम हुँदा बजार अनुगमनलगायतका काममा समस्या हुँदै आएको खाद्य अनुसन्धान अधिकृत प्रशान्त पोखेलले जानकारी दिनुभयो । कर्मचारी अभावकै बीचमा पनि कार्यालयले बजार अनुगमनलाई निरन्तरता दिइरहेको उहाँले बताउनुभयो । "कर्मचारी अभावले बजार अनुगमनमा असर पुगिरहेको छ", पोखरेलले भन्नुभयो, "भइरहेकै कर्मचारीबाट बजार अनुगमन, नमूना सङ्कलन, मुद्दाको अनुसन्धानको काम भइरहेको छ।" कृषि तथा पशुपक्षी विकास मन्त्रालय मातहतको कार्यालयले खाद्य ऐन तथा दाना ऐन कार्यान्वयनमार्फत खाद्य शृङ्खलामा खाद्य स्वच्छता कायम गरी सर्वसाधारणको जनताको सुख सुविधा कायम गर्ने उद्देश्य राखिएको छ। विसं २०७५ कात्तिक १५ गते जिल्लामा डिभिजन कार्यालय स्थापना भएको थियो । कार्यालयले आर्थिक वर्ष २०७८/७९ को अवधिमा एक सय ७७ खाद्य ऐन बमोजिमका नमूना, ५९ वटा सर्भिलेन्सका लागि खाद्य नमूना र दाना ऐनबमोजिमका १३ वटा दाना पदार्थको नमूना सङ्कलन गरेको थियो। कार्यालयले सोही अवधिमा एक सय २० वटा खाद्य उद्योगको निरीक्षण, २८ पटक अन्य निकायसँग संयुक्तरुपमा बजार अनुगमन, पाँच पटक हाटबजार मेला अनुगमन गरेको पोखेलले जानकारी दिनुभयो।

त्यस्तै एक सय ९० भन्दाबढी खाद्य पलस र एक सय १९ वटा विभिन्नस्तरका होटल, रेस्टुराँ, मिठाइ पसल, भोजनालय निरीक्षण गरिएको छ । अनुगमनका क्रममा २४ पसलमा देखिएका रु ४३ हजार पर्ने म्याद गुज्रिएका खाद्यवस्तु नष्ट गरिएको थियो। चार पटक चार ठाउँमा खाद्य उद्योगीसँग खाद्य स्वच्छता र गुणस्तरसम्बन्धी गोष्ठी गरिएको कार्यालयले जनाएको छ। दुई पटक स्थानीय तहका जनप्रतिनिधि तथा सरोकारवालासँग खाद्य स्वच्छता र गुणस्तरसम्बन्धी अन्तर्क्रिया र दुई पटक सडक छेउछाउ बिक्री हुने खाद्य पदार्थको स्वच्छता अभिवृद्धि गर्ने कार्यक्रम गरिएको जनाइएको छ । कार्यालयले सोही अवधिमा अनुज्ञापत्र जारी/नवीकरण र विश्लेषण शुल्कबापत रु एक लाख ५४ हजार नौ सय राजस्व सङ्कलन गरेको छ। खाद्य मुद्दा सम्बन्धमा सात वटा मुद्दा दायर भएकामा चार वटा मुद्दाको प्रारम्भिक अनुसन्धान कार्य सम्पन्न गरी सम्बन्धित निकायमा सक्कल मिसिल पठाइएको पोखेलले बताउनुभयो।

त्यस्तै एक सय ७७ खाद्य नमूनामध्ये १६ वटा नमूना खाद्य ऐनको प्रतिकूल रहेको पाइएको छ भने १३ मध्ये दुई दाना पदार्थको नमूना ऐनविपरीत रहेको पाइएको छ। कार्यालयले उक्त अवधिमा दूध तथा दूध पदार्थका छ, तेल तथा घिउजन्यका ३३, फल तथा सागपातका २६, मसलाका १४, चिया कफीका १४, नूनका दुई, खाद्यान्न, दलहन र सोबाट बनेका खाद्यका ४४, प्रशोधित पिउने पानीको १०, गुलियो पदार्थका १२, कन्फेक्सनरीका एक, मासु तथा मासुजन्यका एक, दानाका १३ र अन्य १३ नमूना सङ्कलन गरेको थियो । कार्यालयले चाडपर्वका बेलामात्र नभई अन्य समयमा पनि नियमितरुपमा बजार अनुगमन गर्दै आएको पोखेलले बताउनुभयो । "अनुगमनका क्रममा कार्यालयले खाद्यान्नका केही नमूना पनि सङ्कलन गर्छौं, सङ्कलित नमूना परीक्षणका लागि भैरहवा पठाउने गरेका हौँ", उहाँले भन्नुभयो।

# थप पाँच सय ४२ जनामा सङ्क्रमण पुष्टि

रासस

काठमाडौं, २ भदौ

देशभर पछिल्लो २४ घण्टामा पाँच सय ४२ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय चार हजार नौ सय ३० जनाको परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो। हालसम्म नेपालमा पिसीआर विधिबाट गरिएको परीक्षणमा नौ लाख ९४ हजार छ सय १३ र एन्टिजेन विधिबाट गरिएको परीक्षणमा एक लाख ४८ हजार चार सय ६१ जनामा कोरोना भाइरस पुष्टि भएको छ। पछिल्लो समय थप चार सय२१ जना सङ्क्रमणमुक्त भएसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या नौ लाख ७७ हजार तीन सय ५८ पुगेको छ।

यस रोगका कारण पछिल्लो समय कसैको पनि मृत्यु भएको छैन। नेपालमा यस सङ्क्रमणबाट हालसम्म मृत्यु हुनेको सङ्ख्या ११ हजार नौ सय ९० पुगेको छ। त्यसैगरी पछिल्लो समय ९७ हजार छ सय ५७ जनाले खोप लगाएको मन्त्रालयले जानकारी दिएको छ।

हाल सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार दुई सय ६५ पुगेको छ । तीमध्ये होम आइसोलेसनमा पाँच हजार ६७, संस्थागत आइसोलेसनमा एक सय ९८, आइसीयूमा ५४ र भेन्टिलेटरमा सात जनाले उपचार गराइरहेका छन्।

# पदमार्गको संरक्षण गर्न म्याराथन

पोखरापत्र संवाददाता

गोरखा, २ भदौ (रासस)

नेपाल एकीकरणको ऐतिहासिक महत्व बोकेका पदमार्गको संरक्षण, प्रवर्द्धन र प्रचार–प्रसारका लागि 'लिगलिगकोट–सिरानचोककोट–गोरखा दरबार म्याराथन दौड प्रतियोगिता' २०७९ हुने भएको छ।

गोरखाका तीन स्थानीय तह र नेपाली सेनाको रिपुमर्दन गणको संयुक्त आयोजनामा ४० किलोमिटरको दौड प्रतियोगिता आयोजना गरिने गोरखा नगरपालिकामा नगरप्रमुख कृष्णबहादुर रानामगरले जानकारी दिनुभयो।

बिहीबार यहाँ पत्रकार सम्मेलनको आयोजना गरी तत्कालीन राजा द्रव्य शाहले गोरखा राज्याभिषेक गरेको दिनको अवसर पारेर यही भदौ २५ गते गोरखामा दौड प्रतियोगिताको आयोजना गरेको जानकारी दिइएको हो। नेपाल एकीकरणको उद्गमथलोका रूपमा रहेका ऐतिहासिकस्थलको जगेर्ना गर्दै पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुऱ्याउने उद्देश्यले प्रतियोगिता गर्न लागिएको उहाँको भनाइ छ।

जिल्लाभित्रका तीन स्थानीय तहमा पर्ने ऐतिहासिक महत्व बोकेका स्थललाई जोडेर दौडका लागि रुट तय गरेको सेनानी प्रकाश परियारले जानकारी दिनुभयो । प्रतियोगितामा प्रथम हुनेदेखि १०औँ स्थानसम्मका विजेतालाई नगद, मेडल र प्रमाणपत्रको व्यवस्था गरिएको पालुङटार नगरपालिकाका प्रमुख विवश चिन्तनले जानकारी दिनुभयो । प्रतियोगितामा प्रथम हुनेले रु एक लाख ५० हजार पुरस्कार पाउने छन्। द्वितीय र तृतीयले क्रमशः रु एक लाख र ७५ हजार नगद पुरस्कार प्राप्त गर्ने उहाँले बताउनुभयो। प्रतियोगिता सम्पन्न गर्न करिब र १५ लाख खर्च लाग्ने अनुमान गरिएको छ । नेपाली सेनाको पहलमा विसं २०७६ देखि सुरु भएको प्रतियोगिता हरेक वर्ष गर्ने भनिएको भए पनि कोभिडका कारण गएको दुई वर्ष सञ्चालन हुनसकेको थिएन । दौड प्रतियोगिता हुने ऐतिहासिक रुटलाई पदमार्गका रूपमा विकास गर्ने योजना रहेको सिरानचोक गाउँपालिका प्रमुख ज्ञानेन्द्र गुरुङको भनाइ छ । प्रतियोगितामा करिब तीन सय खेलाडी सहभागी हुने अनुमान छ । सहभागिताका लागि अनलाइनमार्फत फारम दर्ता गर्न सक्ने व्यवस्था गरिएको आयोजकले जनाएको छ।

